
# सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका

## (Guideline on Water Safe Community Declaration)

२०७८



## पाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पाटन, बैतडी

नगर सभाबाट स्वीकृत मिति २०७८/११/२६

Scanned with CamScanner

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल
२०७९

# विषय सूची

१.पृष्ठभूमि ....... ३
१.१.परिप्रेक्ष्य....... ३
१.२. उद्देश्य....... ४
१.३. अपेक्षित प्रयोगकर्ताहरू....... ४
२.सुरक्षित खानेपानीयुक्त समुदाय ....... ४
३.सुरक्षित र पर्याप्त खानेपानी सेवा भएको समुदाय ....... ४
४.सुरक्षित खानेपानीयुक्त समुदायघोषणाका लागि न्यूनतम् आधारहरू ....... ५
५.सुरक्षित खानेपानीयुक्त समुदायबन्ने विधिहरू ....... ६
५.१ खानेपानी आयोजनाको छनौट....... ६
५.२ समुदायको अगुवाईमा खानेपानी सुरक्षा योजना लागु गर्ने :....... ६-७
५.३ स्थानीय तहमा खानेपानी गुणस्तर अनुगमन प्रणालीको स्थापना :....... ८
५.४ दिगोपनाको आधार सुनिश्चित गर्ने (उपभोक्ता समुदाय र सरकारबीच): ....... ८
५.५.निर्देशिकाको प्रयोग गरी सुरक्षित खानेपानीयुक्त समुदाय को प्रमाणिकरण:....... ८
क. समुदाय स्वयमबाट घोषणा :....... ८
ख. स्वतन्त्र रुपमा गरिने खानेपानी गुणस्तरको अनुगमन :....... ९
ग. खानेपानी गुणस्तर अनुगमनको रिपोर्टको तयारी : ....... ९
घ. नगरपालिकाबाट रिपोर्टको स्वीकृती : ....... ९
५.६. औपचारिक घोषणा ( सुरक्षित खानेपानीयुक्त समुदायको संक्षिप्त, संचार, वकालत)....... ९
५.७. अवधारणाको अनुगमन....... १०
६. सुरक्षित खानेपानीयुक्त समुदायको मान्यता स्वीर भए नभएको लेखाजोखा तथा मूल्यांकन्:....... १०
७.१.कार्यक्रम-अनुगमन विधिहरु: ....... १०
क. निरन्तर गरिने अनुगमन ....... १०
ख. बाह्य तहबाट प्रमाणिकरण गरिएको....... १०
ग.बाह्य बिज्ञ तहबाट सामाजिक लेखा-परिक्षण(सोसल अडिट):....... १०-११
७.२. असर- सर्वेक्षण:....... ११
क. असर- सर्वेक्षणमा स्वच्छ खानेपानी सेवा....... ११
ख. असर-सर्वेक्षणमा स्वच्छ खानेपानीयुक्त समुदाय ....... ११
अनुसुचीहरु:....... १२-२२
अनुसूची १: खानेपानी योजनाको दिगोपना तथा नियमित संचालनको लागि पाटना नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, र खानेपानी उपभोक्ता समिति बीच भएको ....... १२-१४
अनुसूची २ : खानेपानी तथा सरसफाई उपभोक्ता समितिको प्रतिवेदनको नमुना....... १५-१६
अनुसूची ३ : पालिका स्तरीय अनुगमन टोलीको संरचना तथा बैठक नमुना....... १७-१९
अनुसूची ४ : स्वतन्त्र अनुगमन टोलीको प्रतिवेदनको नमुना तथा निर्णय १९-२२



Scanned with CamScanner

# सुरक्षित खानेपानीयुक्तसमुदाय घोषणा निर्देशिका, २०७८

## १.पृष्ठभूमि

### १.१.परिप्रेक्ष्य

खानेपानी तथा सरसफाइ सेवालाई "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" ।भनी संविधानले मौलिक हक र कर्तव्य अन्तर्गत स्थापित गरेको छ । दिगो विकास लक्ष्य (सन् २०१६-२०३०)का १७ लक्ष्यमध्ये छैठौं लक्ष्य "सबैलाई खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापनको सुनिश्चित गर्ने" लाई पाटननगरपालिकाले पनि आत्मासात् गरी आफ्ना योजना र कार्यक्रमहरु तयार गरिरहेको छ । खानेपानी सेवालाई विश्वसनीय र नतिजामूलक तुल्याउने एउटा प्रमुख माध्यम वितरित पानीको गुणस्तर निरन्तर तवरले सुनिश्चित गर्नु हो । यसका लागि खानेपानी प्रणालीहरुमा गुणस्तर सुधार आयोजना तथा विभिन्न स्तरमा क्षमता अभिबृद्धिमार्फत पानी प्रशोधन ईकाइहरु निर्माण गर्ने, प्रशोधन ईकाइहरुको कार्य क्षमता बारे अध्ययन अनुसन्धान गर्ने र प्रणालीको मर्मत, संभार तथा संचालन कार्यमा खानेपानी सुरक्षा योजनालाई एकीकृत तुल्याउने जस्ता कार्यहरु अघि बढाइएका छन् । खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी दिगो विकास लक्ष्यहरु निन निम्न अनुसमर रहेका छन ।

- दिगो विकास लक्ष्य नं. ०६.१.१(क) अनुसार सन् २०३० को अन्त्यसम्म स्वच्छ खानेपानी सेवा प्राप्त गरेका जनसंख्याको हिस्सा ९०% पुग्ने छ (सन् २०१५मा १५ % थियो ),
- त्यस्तै दिगो विकास लक्ष्य नं.६.१.१ 'घ' घरायसी तहमा पानीमा जैविक प्रदूषण (E-Coliको जोखिम (१cfu/ १०० मि.लि.)) भएका घरपरिवारको हिस्सा १प्रतिशत हुनेछ (सन् २०१५मा ८२.२ % थियो ),
- दिगो विकास लक्ष्य नं. ६.१.१ 'ङ' पानीको स्रोतमा E-Coliको जोखिम(१cfu/ १०० मि.लि.) भएका घरपरिवार (घरधुरी)को हिस्सा १ प्रतिशत हुनेछ( सन् २०१५मा ७१.१ % थियो) भन्ने लक्ष्य साथ बर्तमानमा खानेपानी तथा सरसफाइका कार्यक्रमहरू संचालन भईरहेका छन् ।

यी लक्ष्य प्राप्ति के कति भए भन्ने जानकारीका लागि पनि यस सम्बन्धी तथ्याङ्कहरु गाउँ/नगरपालिका तहबाटै संकलन हुनु जरुरी देखिएकाले यो निर्देशिका तयार गरिएको हो ।

खानेपानी तथा सरसफाइ सम्बन्धी सुविधाहरू एक अर्कामा अन्योन्यास्रित छन् । दुवै सुविधाहरूको उचित व्यवस्थापनले मात्र जनस्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ । पाटन नगरपालिकाखुला दिसामुक्त क्षेत्र घोषणा भई पूर्ण सरसफाइका प्रवर्द्धन कार्यक्रमहरू अघि बढिरहेका छन् । पूर्ण सरसफाइ प्रवर्द्धन कार्यक्रमले समुदायलाई ६ जोड १ वटा सूचकका आधारमा पूर्ण सरसफाइयुक्त समुदायको मान्यता दिने गरेकोछ । यी ७सूचक मध्ये १ सुरक्षित पानीमा पहुँच तथा प्रयोग खानेपानीको उपभोग लाई मानेको छ । प्रत्येक घरपरिवारले स्वच्छ पानीको प्रयोग गरुन्, समुदायमा खानेपानीका स्रोत तथा वितरण प्रणालीद्वारा उपलब्ध खानेपानी संधै स्वच्छ रहोस् भन्ने हेतुले खानेपानी सुरक्षा योजना लागू भई रहेका छन् । यसैक्रममा स्वच्छ र सुरक्षित खानेपानी सेवा उपलब्ध भएको समुदाय निर्माण गर्ने अवधारणा विकास भएकोछ । खानेपानी सेवाका सेवा-प्रदायक, सेवाग्राही (उपभोक्ता) र नियामक तथा निगरानी निकायहरु लगायतका सबै सरोकारवालाहरूको सामूहिक प्रयासबाट "सुरक्षित खानेपानीयुक्त समुदाय"बनाउन सकिन्छ । यसै परिप्रेक्ष्यमा यो मार्ग-निदेशिका तयार गरिएकोछ ।



Scanned with CamScanner

### १.२. उद्देश्य

सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिकाको सर्वोपरी लक्ष्य भनेको हरेक नागरिकले स्वच्छ तथा सुरक्षित खानेपानीको सेवा प्राप्त गर्न सकुन् भन्ने हो । यसका विशिष्ट उद्देश्यहरु निम्न छन्:

क. सुरक्षित खानेपानीयुक्त समुदायका न्यूनतम आधारहरू व्याख्या गर्ने,

ख. सुरक्षित खानेपानीयुक्त समुदाय बन्ने विधि र यसका आधारहरुकाबारे वर्णन गर्ने,

ग. सुरक्षित खानेपानीयुक्त समुदायको मान्यता स्थीर भए नभएको लेखाजोखा गर्ने र यसको नियमित अनुगमन गर्न स्थानीय तहमा अनुगमन प्रर्णालीलाई संस्थागत गरि प्रमाणिकरण प्रकृयालाई बैज्ञानीक तथा बिश्शसनीय बनाउने ।

### १.३. अपेक्षित प्रयोगकर्ताहरू

यो मार्गदर्शिका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र यस क्षेत्रमा कार्यरत सबैको लागि लाभदायी हुनेछ । विशेष गरी खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत प्राविधिक, समाजशास्त्री, सामाजिक अभियन्ता,खानेपानी सेवाका सेवा-प्रदायक, सेवाग्राही र नियामक तथा निगरानी निकायहरुलगायत सबैलाई यो मार्गदर्शिका अति उपयोगी हुने विश्वास गरिएको छ ।

## २.सुरक्षित खानेपानीयुक्त समुदाय

सुरक्षित खानेपानीयुक्त समुदाय अनिवार्य रुपमा खुला दिसा मुक्त समुदाय भएको हुनु पर्ने छ ।यो समुदायले सामुदायिक स्तरमा खानेपानी सुरक्षा योजना मार्फत् खानेपानी स्वच्छ र सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु प्रयोग गरेको हुनु पर्छ । खुला दिसा मुक्त घोषणा भएको समुदाय जस्तै स्वच्छ खानेपानीयुक्त समुदाय पनि स्वतन्त्र तवरले प्रमाणिकरण गरिएको हुनु पर्ने छ ।

**सुरक्षित खानेपानी सेवा**निम्न सुचकका आधारमा स्थानीय स्तरमा मापन गरि सुशिश्चत गर्न सकिने छ ।

- समुदायका सबै घरधुरीहरुमा मिटर सहित “एक घर एक धारा” वा आधारभुत खानेपानीको सुबिधा सहित एक घर एक धारामा पानीको जडान भई उचित रुपमा व्यवस्थापन भएको वा आधारभुत खानेपानी सेवा (सुधारिएको खानेपानीको स्रोत ३० मिनेट पानी लिन जाँदा, पानी भर्न लाइनमा बस्दा र पानी भरेर घर फर्कंदा लाग्ने कुल समय) को दुरीभित्र रहेको,
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसारको गुणस्तर कायम भएको (निर्माण/पूनर्निर्माण गरेपछिपानीको मुहानबाट संकलित नमूनाका कम्तीमा तल उल्लेखितपारार्मितिको परीक्षण गर्दा),
    - इ. कोली,
    - आर्सेनिक (जोखिम भएका क्षेत्रमा)
    - फ्लोराइड (जोखिम भएका क्षेत्रमा
- खानेपानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयनमा रहेको हुनु पर्ने ।

## ३.सुरक्षित र पर्याप्त खानेपानी सेवा भएको समुदाय

स्वच्छ र पर्याप्त प्रायजसो एक अर्कासंग सम्बधित (खानेपानीको गुणस्तर र परिमाण) शब्द हुन् । त्यस्ता नगरपालिका तथा वस्तीहरुमा जहाँ स्वच्छ खानेपानीका साथसाथै पर्याप्त खानेपानीको पनि समस्या देखिएको छ, त्यहाँ यस्ता कार्यक्रमले पनि खानेपानीको परिमाण - उपलब्धता) पनि बढाउन कार्यक्रम शुरुवात गर्न सक्छ । यस्ता कार्यक्रम समुदायको क्षमता बाहिरको हुन सक्ने भएता पनि खानेपानी सुरक्षा योजनालाई नै परिमाणसंग सम्बन्धित जोखिमहरु समेत समावेश गर्ने गरी विस्तार गर्न सकिन्छ ।



Scanned with CamScanner

स्वच्छ र पर्याप्त खानेपानी सेवा भएको समुदायका रुपमा घोषणा गर्न सुरक्षित खानेपानीयुक्त समुदायका सम्पुर्ण सूचकका साथै तपसिलका सूचकहरु पूरा भएको हुनुपर्छ:

- खानेपानी प्रणालीमा निर्माण भएका सम्पूर्ण संरचनाहरु बाढी, वा खडेरी वा यस्तै अन्य खानेपानीको उपलब्धतामा प्रतिकूल असर पार्ने प्रकोपका सन्दर्भमा उत्थानशील रहेको हुनु पर्ने छ (जस्तै खानेपानीका सबै बिन्दुमा आपत्कालिन भण्डारण प्रणाली रहेको हुनु पर्ने छ।)
- समुदायका सबै घरधुरीहरुमा मिटर सहित "एक घर एक धारा" जडान भई उचित रुपमा व्यवस्थापन भएको हुनु पर्ने छ।
- समुदायका सबै घरधुरीहरुमा समान रुपले पर्याप्त खानेपानीको आपुर्ति भएको तथा जनगुनासो नरहेको हुनु पर्नेछ।

## ४.सुरक्षित खानेपानीयुक्त समुदायघोषणाका लागि न्यूनतम् आधारहरू

सुरक्षित खानेपानीयुक्त समुदाय हुनका लागि न्यूनतम आधारहरु यस प्रकार रहेका छन्।

- समुदाय अनिवार्य रुपमा खुला दिसामुक्त कायमै भएको हुनु पर्ने ।
- समुदायका सबै घरधुरीहरुले सुधारिएको पानीको श्रोतबाट खानेपानी प्रयोग गरिरहेका वा खानेपानी घरायसी रुपमा नियमित शुद्धिकरण गरी प्रयोग गर्ने गरेको।
- खानेपानीको लागि प्रयोग भएका सबै स्रोत-क्षेत्रहरु जनावर तथा मानविय क्रियाकलाप रोक्न संरक्षण गरिएको - ( विशेष गरी जनावर तथा मानव मलमूत्रबाट प्रदूषण रोक्न - जस्तै: घेरबार भएको आदी।
- समुदायका प्रत्येक घरधुरीहरुमा मिटर जडित एक घर एक धारा जडान भएको वा प्रयाप्त पानी सहित एक घर एक धारा जडान भएको वा सामुदायिक धारा भए ३० मीनेटको दुरीमा रहेको।
- खानेपानी उपभोक्ता समिति सकृय भई आयोजनाको सञ्चालन र व्यवस्थापनका लागि प्रभावकारी प्रणाली भएको ।
- विद्यालय र स्वास्थ्य चौकीहरुमा पनि खानेपानिको जडान भएको (यदि भएमा)
- जेखिम पुर्ण समयमा साबुन पानीले हात धुने तथा महिनावारी स्वच्छता व्यवस्थापन समूह सहितको स्वच्छता प्रर्वद्धन भएको हुनु पर्ने छ।
- खेर गएको पानीको उचित व्यवस्थापन (करेसाबारी वा सकपिटमा) गरिएको ।
- उपभोक्ताहरुको सुरक्षित खानेपानी प्रतिको विश्वसनियता कायम भएको, ९५ प्रतिशत घरपरिवारले धाराको पानी सिधै पिउनको लागि प्रयोग गरेको।
- उपयुक्त खानेपानीलेनिम्न गुणस्तर मापदण्ड पुरा गरेको हुनु पर्दछ।
    - इ. कोली नामक जीवाणुको संक्रमण नभएको,
    - आर्सेनिक (जोखिम भएका क्षेत्रमा)
    - फ्लोराइड (जोखिम भएका क्षेत्रमा
- खानेपानी आयोजनाको दिगोपनाको जाँच भएको तथा समुदाय आधारित खानेपानी गुणस्तर अनुगमन प्रणाली ( समुदाय स्वयम्बाट घोषणा) स्थापना भएको हुनु पर्ने छ।
- स्वास्थ्य निकाय बाट खानेपानी सुरक्षा योजना र पानीको गुणस्तर प्रमाणिकरण गरिएको।
- झाडापखालाको प्रकोप २ प्रतिशत भन्दा बढि नभएको र कुनै पनि पांच वर्ष मुनिका वालबालिकाहरु झाडापखालाको कारणले मृत्यू नभएको, झाडापखालाको कारण बारे स्वास्थ्य संस्था संगको समन्वयमा विश्लेषण गरिएको।



Scanned with CamScanner

## ५.सुरक्षित खानेपानीयुक्त समुदायबन्ने विधिहरू

### ५.१ खानेपानी आयोजनाको छनौट

स्वच्छ खानेपानीयुक्त समुदाय विकासका लागि सर्बप्रथम खानेपानी आयोजना तथा समुदायको छनौट गर्नु पर्ने हुन्छ। उक्त खानेपानि आयोजना तथा समुदाय छनौट गर्दा तपसिलका आधारमा छनौट गर्नु पर्ने हुन्छ।

| आयोजना छनौटका आधारहरु | भए/नभएको |
|---|---|
| • खुल्ला दिसामुक्त घोषित क्षेत्र | |
| • खानेपानि उपभोक्ता समिति सकृय भएको, | |
| • सुरक्षित खानेपानिको श्रोत रहेको तथा बाह्य जोखिन न्युन रहेको खानेपानी आयोजना, | |
| • खानेपानी आयोजना निर्माण भई समुदायलाई हस्तान्तरण भएको तथा राम्रो संचालनमा रहेको, | |
| • समुदायका सबै घरधुरीहरु, विद्यालय र स्वास्थ्य संस्थाहरुमा सकभर मिटर सहित धारा जडान भएका वा हुन सक्ने। | |
| • खानेपानी आयोजनाको सञ्चालन र व्यवस्थापन प्रर्णाली प्रभावकारी रहेको (सकृय समिति, मर्मत संभार कार्यकर्ता, मर्मत संभार कोष, औजार आदीको व्यवस्था भएको) | |
| • खानेपानी गुणस्तर राम्रो रहेको (परिक्षण गरिएको भए) तथा पानीको गुणस्तर सुधार गर्न समुदाय तथा उपभोक्ता समितिह इच्छुक रहको, | |

### ५.२समुदायको अगुवाईमा खानेपानी सुरक्षा योजना लागु गर्ने :

सुरक्षित खानेपानीयुक्त समुदाय प्रवद्धन अर्न्तगतको चरण ५.१ का मापदण्डका आधारमा नगर तथा गाऊँ कार्यपालिका तथा नगर/गाऊँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले छनौट गरेका खानेपानी तथा सरसफाई योजना वा समुदायहरुमा विश्व स्वास्थ्य संगठनद्वारा निर्देशित पद्दती अनुरुप **खानेपानी सुरक्षा योजना लागु गर्नु पर्ने छ**। यसले पानीको गुणस्तरमा सुधार गर्नका लागि पानी सुरक्षासंग सम्बन्धित जोखिमहरुको विश्लेषण र व्यबस्थापन गर्न सहयोग गर्दछ।


प्रदूषणका जोखिमहरु पहिचान गरी तिनीहरुको व्यबस्थापनका लागि गरिने विभिन्न उपायहरु (विश्व स्वास्थ्य संगठनकै शब्दमा नियन्त्रणका उपायहरु)ले पानीको स्रोत वरपरको क्षेत्र,पानीको मुहान,पानी ओसार्दा र घरधुरी तहमा प्रयोग हुने तगाराहरु पनि समेटेका हुन्छन्।

विश्व स्वास्थ्य संगठनको खानेपानी सुरक्षा योजनालाई आधार मानी युनिसेफले डिजाइन गरेको "**समुदायको अगुवाईमा खानेपानी सुरक्षा कार्यक्रम**"पद्दतिलेसामुहिक असरहरुलाई आफ्नो केन्द्रविन्दुमा राखी समुदाय स्तरका सामुहिक र ब्यक्तिगत स्तरका तगाराहरु पहिचान तथा आत्ममहसुशीकरण गराई, पहिचान भएका तगाराहरुको सुधार गर्न सुधार योजना तर्जमा गरि समुदाय कै नेतृत्वमा कार्यन्वयन भई समुदायलाई स्वच्छ खानेपानीयुक्त समुदायको स्थीतिमा पुग्न सहयोगका लागि यो पद्दति डिजाइन गरिएको हो। समुदायको अगुवाईमा खानेपानी सुरक्षा कार्यक्रम चक्र र विश्व स्वास्थ्य संगठनको खानेपानी सुरक्षा योजनाचक्र बीचको सम्बन्ध लाई तस्विर नं १ मा सारांशगत रुपमा प्रस्तुत गरिएको छ।



Scanned with CamScanner

तस्विर १ : समुदायको अगुवाईमा पानी सुरक्षा कार्यक्रम




खानेपानी सुरक्षा योजना समुदायगत रुपमा लागू गरिएको र समुदायको प्रत्येक घरधुरीले व्यक्तिगत तगाराहरु प्रयोग गरेका छन् भने त्यस्तो समुदायलाई स्वच्छ खानेपानीयुक्त समुदाय मान्न सकिन्छ । यस मार्ग-दर्शिकाले स्वच्छ खानेपानीयुक्त समुदाय हुनका लागि न्यूनतम् आधारहरु प्रदान गर्दछ । थप अतिरित्त आधारहरु स्थानीय खानेपानी प्रणाली र तिनका व्यबस्थापन मोडेलहरुमा आधारित भई स्थानीय प्रोटोकल वा स्थानीय योजनाहरुद्वारा परिभाषित गर्न सकिन्छ ।

स्वच्छ खानेपानी सेवाको सुधार तथा दिगोपनका लागि गरिने कार्यहरुका सिलसिलामा ,समुदायको आफ्नो क्षमता भन्दा बढी लगानी र प्रयासको आवश्यकता पर्न सक्ने भएकोले, समुदायको अगुवाईमा खानेपानी सुरक्षा कार्यक्रमलाई नगरपालिका स्तरका अधिकारीको पूर्वाधार स्तरोन्नती गर्ने योजना तर्जूमा कार्यमा सहायकसिद्ध हुने औजारको रुपमा प्रयोग गर्नुपर्दछ ।

खुला दिसा मुक्त अवस्थामा पुग्नु र उक्त अवस्थालाई कायम राखी यस कार्यक्रमको लागि प्रवेश विन्दु तथा प्रमुख कार्यान्वयनको क्षेत्र हुनेछ । स्वच्छ खानेपानी वितरण गर्ने र स्वच्छ खानेपानीयुक्त समुदाय निर्माणको लागि कार्यक्रम तर्जुमा गर्नुको उद्देश्य पूर्ण सरसफाइ सम्बन्धी उपलब्धीहरु प्राप्त गर्न बल पुऱ्याउनुका साथै तिनलाई दिगो राख्नु र स्वास्थ्य सम्बन्धी प्रभावहरुको अभिबृद्धि गर्नु हो । यस चरणमा मुख्यतय निम्न कार्यहरु गर्नु पर्ने हुन्छ ।

- छनौट भएका खानेपानी आयोजनाका उपभोक्ता समितिका पदाधिकारी तथा समुदायलाई खानेपानी सुरक्षा योजना, खानेपानी खायोजनाको सुचारुपना र खानेपानी गुणस्तर बारे सचेतिकरण गर्ने र खानेपानी सुरक्षा टोली गठन गर्ने ।
- खानेपानी सुरक्षा टोली तथा पदाधिकारीहरुलाई खानेपानी सुरक्षा योजना सम्बन्धी तालिम प्रदान गर्ने, आयोजनाको विश्लेषण गर्ने, जोखिमहरुको पहिचान गरि सुधार योजना तर्जुमा गर्ने ।
- यसरी तर्जुमा भएका खानेपानी सुरक्षा योजना उपभोक्ता समिति तथा समुदायमा छलफल गरि प्रमाणिकरण समिति वडा तथा नगरपालिकामा पेश गर्ने ।

- खानेपानी सुरक्षा योजनाले निर्दिष्ट गरेका सुधार कार्यहरु समुदायको नेतृत्वमा सम्बन्धीत वडा, पालिका तथा अन्य विकास साझेदार निकायहरुसंग समन्वय तथा सहकार्य गरि खानेपानी आयोजनाको भौतिक अवस्था सुधारका कार्य र जोखिम न्यूनीकरणका कार्यहरु गर्ने ।
- खानेपानी आयोजनाको भौतिक अवस्था सुधार तथा विस्तार गर्दासमुदायका सबै घरधुरीहरु, विद्यालय र स्वास्थ्य संस्थाहरुमा सकभर मिटर सहित धारा जडान गर्ने ।
- खानेपानी आयोजनाको सञ्चालन र व्यवस्थापन प्रर्णाली लाई प्रभावकारी बनाउने (सकृय समिति, मर्मत संभार कार्यकर्ता, मर्मत संभार कोष, औजार आदीको व्यवस्था भएको),
- खनेपानी उपभोक्ता समितिको नेतृत्वमा समुदाय स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सचेतना अभिबृद्धि गर्ने ।
- समुदायमाखेर गएको पानीको उचित व्यवस्थापन (करेसाबारी वा सकपिटमा) गर्ने गराउने ।
- खानेपानिको गुणस्तर परिक्षण तथा सुधारका लागि प्राविधिक टोली, प्राविधिक तालिम तथा औजारको व्यवस्था गर्ने,

## ५.३ स्थानीय तहमा खानेपानी गुणस्तर अनुगमन प्रणालीको स्थापना :

खानेपानी सुरक्षा योजना, खानेपानी गुणस्तर जाँच, सुरक्षित खानेपानीयुक्त समुदायको अवधारणासहितको **स्थानीय तहमा खानेपानी गुणस्तर अनुगमन प्रणालीको स्थापना गर्नु पर्ने छ । जस अर्न्तगत स्थानीय तहले निम्न कुराहरुको व्यवस्थापन शुनिस्चित गर्नु पर्ने छ ।**

- खानेपानी गुणस्तर जाँच शाखा/उपशाखास्थापना गर्ने,
- कर्मचारीको व्यवस्था तथा प्राविधिक तालिम प्रदान गर्ने,
- खानेपानी गुणस्तर जाँचको किट तथा आवश्यक सामाग्रीको व्यवस्था गर्ने,
- पालिका क्षेत्र भित्रको खानेपानी परिक्षण कार्य योजना बनाई नियमित रुपमा परिक्षण तथा सुधार कार्यमा प्राविधिक सेवा प्रदान गर्ने,
- स्थानीय आवश्यकता तथा मागको आधारमा खानेपानी परिक्षण कार्यको पालिकाले शुल्क तोक्न सक्ने छ ।
- खानेपानी परिक्षण प्रतिवेदन तयार गरि पालिकामा रेकर्ड राख्ने, सम्बन्धीत पक्षलाई प्रतिवेदन दिने तथा प्रदेश तथा संघिय सरकारलाई प्रतिवेदन पठाउने ।

## ५.४ दिगोपनाको आधार सुनिश्चित गर्ने (उपभोक्ता समुदाय र सरकारबीच):

स्वच्छ खानेपानीयुक्त समुदाय उन्मुख खानेपानी आयोजनाको स्वामित्व ग्रहण, दिगो व्यवस्थापन र सञ्चालन गर्न सम्बन्धित निकायकोको भूमिका र जिम्मेवारी उल्लेख गरी **उपभोक्ता समिति र पालिका (स्थानीय सरकार) बिच अनुसूची १ अनुसारको** दुई पक्षीय सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको हुनु पर्नेछ। यसले सहमति जनाएका पक्षहरुको भूमिका र जिम्मेवारीहरु साथसाथै ठोस गतिविधिहरुलाई परिभाषित गर्दछ । जसले कार्यक्रमबाट प्राप्त सेवा सुविधाहरुलाई चलायमान राख्न र व्यवहार परिवर्तनलाई दिगो बनाइराख्न सुनिश्चित गर्दछ। यसरी हुने सम्झौतामा सम्बन्धीत **वडाका वडा अध्यक्ष र सहयोगि निकायका प्रतिनिधिहरु साक्षीका रुपमा राख्न सकिने छ ।**

## ५.५.निर्देशिकाको प्रयोग गरी सुरक्षित खानेपानीयुक्त समुदाय को प्रमाणिकरण:

### क. समुदाय स्वयम्बाट घोषणा :

ग्रामीण मर्मत सम्भारकर्तार खानेपानी उपभोक्ता समितिद्धारा खानेपानीको गुणस्तर फिल्ड टेस्ट किटको प्रयोग गरी परीक्षण गरिनुपर्छ । समुदायले त्यस क्षेत्रमा खानेपानी सुरक्षा योजना, दिगोपनाको आधारको रुपमा sustainability compact(सम्झौता पत्रMoU), खुल्ला दिसामुक्त क्षेत्र घोषणा र ग्रामीण मर्मत सम्भारकर्ताको सुनिश्चितता गर्नुपर्छ ।खानेपानी उपभोक्ता समितिले खोपानी आयोजनाको भौतिक अवस्था, खानेपानीको गुणस्तर र आयोजनाको गिो संचालन



Scanned with CamScanner

तथा व्यवस्थापन पक्षको यथार्थ प्रतिवेदन तर्जुमा गरि सम्बन्धीत वडा कार्यालय मार्फत पालिकामा स्वतन्त्र अनुगमनका लागि अनुरोध गर्नु पर्ने छ ।

### ख. स्वतन्त्र रुपमा गरिने खानेपानी गुणस्तरको अनुगमन :

सम्बन्धीत खानपानी आयोजना वा समुदायको प्रतिवेदन सहित वडा कार्यालयको अनुरोधका आधारमा खानेपानीको गुणस्तरको जाँच, खानेपानी आयोजनाको प्राविधिक तथा व्यवस्थापन पक्षको स्वतन्त्र अनुगमनका लागि गाउँपालिका वा नगरपालिकाबाट दक्ष प्राविधिक व्यक्ति सहितको एक स्वतन्त्र अनुगमन टोली खटाउने छ । यसरी खटाईएको अनुगमन टोलीले खानेपानीको गुणस्तर, आयोजनाको प्राविधिक पक्ष तथासको दिगो संचालन तथा व्यवस्थापन पक्षको संयुक्त रुपमा अनुगमन गरि पालिकामा प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ । उक्त टोलीमा कम्तीमा निम्न व्यक्ति तथा क्षेत्रको संलग्नता रहने छ ।

- पालिकाउप प्रमुख तथा कार्यपालिका सदस्यएक जना
- खानेपानी तथा सरसफाई क्षेत्रकाप्राविधिक एक जना
- खानेपानी गुणस्तर परिक्षणका लागि पालिका वा खानेपानी तथा सरसफाई कार्यालय वा प्रयोगशालाका प्राविधिक १ जना
- पालिकाका स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारी १ जना
- खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधि एक जना

यसरी गरिने खानेपानीको गुणस्तर परीक्षणको नतिजामा ई.कोलीको संख्या १ भन्दा कम र आर्सेनिकको अधिकतम सघनन् सीमा ०.०५ मि.ग्रा.लिटर ( राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, सन् २००५) हुनुपर्दछ ।

स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीले खानेपानी गुणस्तर जाँचको नतिजा (विशेषगरी ई.कोली र आर्सेनिक) बुझाउनुपर्दछ र सम्पूर्ण खानेपानी आयोजनामा खानेपानी उपभोक्ता समिति, खानेपानी सुरक्षा आयोजना टोली, नगरपालिका, खानेपानी तथा सरसफाइ डिभिजन कार्यलय, युनिसेफ, विश्व स्वास्थ्य संगठन र खानेपानी तथा सरसफाइ क्षेत्रका साझेदारहरु सँग समन्वय गरी अनुगमन गर्नुपर्दछ ।

### ग. खानेपानी गुणस्तर अनुगमनको रिपोर्टको तयारी :

स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीले सम्पूर्ण खानेपानी आयोजनको अनुगमन र अवलोकनको कममा खानेपानी गुणस्तर जाँचको रिपोर्ट कुल प्लेट काउन्ट/गणना( ई.कोलीको संख्या १ भन्दा कम) र आर्सेनिक (अधिकतम सघनन् सीमा ०.०५ मि.ग्रा.लिटर) प्रमाणसहित तयार गरी पालिकामा पेश गर्नु पर्दछ ।

### घ. नगरपालिकाबाट रिपोर्टको स्वीकृती :

नगरपालिकाबाट स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीले परीक्षण गरेको खानेपानी गुणस्तर जाँचको नतिजा तथा आयोजनाको सुचारुपना तथा दिगो व्यवस्थापन सम्बन्धी प्रतिवेदनलाई स्वीकृत गर्ने र प्रमाणीकरण गर्नुपर्दछ । यसरी गरिएको प्रमाणिकरणको बारेसम्बन्धीत वडा मार्फत खानेपानी उपभोक्ता समितिलाई जानकारी गराउनु पर्ने छ ।

## ५.६. औपचारिक घोषणा ( सुरक्षित खानेपानीयुक्त समुदायको संक्षिप्त, संचार, वकालत)

नगरपालिकाबाट खानेपानी गुणस्तर जाँचको नतिजा र स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीको रिपोर्टको आधारमा घोषणाको पत्र (जसमा घोषणाको मिती, समय र स्थान उल्लेख गरी) वितरण गर्नुपर्दछ । यस काममा योगदान दिनुहुने विभिन्न व्यक्ति, संघ/संस्थालाई सम्बोधन/सम्मान गरिनुपर्दछ ।



Scanned with CamScanner

## ५.७. अवधारणाको अनुगमन

यसरी सम्पुर्ण प्रकृया पुरा गरि घोषणा भएकोसुरक्षित खानेपानीयुक्त समुदायको समुदाय तथा पालिका स्तरबाट नियमित अनुगमन गर्नु पर्ने हुन्छ ।

- खानेपानी गुणस्तरको स्वतन्त्र अनुगमन चौमासिक रुपमा त्यसपछि दोश्रो वर्ष ६ महिनाको अन्तरालमा र एक वर्षमा गर्ने
- समुदायले हरेक महिना P/Aभाइलको प्रयोग गरी खानेपानी गुणस्तरको जाँच गर्ने
- खानेपानी सुरक्षा योजनाअनुसार नियन्त्रणका उपायहरु अपनाउने

## ६. सुरक्षित खानेपानीयुक्त समुदायको मान्यता स्थीर भए नभएको लेखाजोखा तथा मूल्यांकन्:

स्वच्छ खानेपानीयुक्त समुदाय अनिवार्य रुपमा खुला दिसा मुक्त समुदाय भएको हुनु पर्ने छ । यो समुदायले सामुदायिक स्तरमा खानेपानी सुरक्षा योजना मार्फत् खानेपानी स्वच्छ र सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु प्रयोग गरेको हुनु पर्छ । खुला दिसामुक्त घोषणा भएको समुदाय जस्तै स्वच्छ खानेपानीयुक्त समुदाय पनि स्वतन्त्र तवरले प्रमाणिकरण गरिएको हुनु पर्ने छ ।

## ७. उपलब्धी - मापन (Measuring results)

उपलब्धीहरुलाई प्रतिफल र असरका तहमा मापन गर्नका लागि कार्यक्रम-अनुगमन र असर-सर्वेक्षण प्रयोग गरिनेछ । असर-सर्वेक्षणले मौजूदा अनुगमनलाई स्वतन्त्ररुपमा प्रमाणीकरण गर्ने गर्दछ र यसका लागि छुट्टै मार्ग-निर्देशन प्रदान गरिनेछ । असर-सर्वेक्षणले कहिलेकाहीँ प्रत्यक्ष अवलोकन,कहिलेकाहीँ दस्तावेजहरुको प्रमाणीकरण र कहिलेकाहीँ पानीको गुणस्तर परीक्षण जस्ता कार्यहरु समेट्ने छन् ।

### ७.१.कार्यक्रम-अनुगमन विधिहरु:

#### क. निरन्तर गरिने अनुगमन

खानेपानी आयोजनाको हस्तान्तरण हुनुभन्दा पहिले खानेपानी गुणस्तरका राष्ट्रिय मापदण्ड अनुसार खानेपानीगुणस्तरका पारामितिहरुको परीक्षण गरिएको हुनु पर्नेछ । खानेपानीको नमुना परीक्षण गर्दा, इ. कोली, आरसनिक र फ्लोराईड को सघनन राष्ट्रिय खानेपानी गुणस्तरमापदण्डले तोकेको गुणस्तर सम्बधी मार्ग-निर्देशिका बमोजिम हुनु पर्ने छ ।अन्य पारामितिहरुको हकमा पनि राष्ट्रियखानेपानी गुणस्तरमापदण्ड पूरा भएको हुनुपर्छ । खानेपानी प्रणालीमा खानेपानी सुरक्षा योजना लागू गरी तगाराहरुको नियमित अनुगमन कार्य भए गरेको हुनु पर्नेछ ।

#### ख. बाह्य तहबाट प्रमाणिकरण गरिएको

समुदाय भन्दा बाहिरका जस्तै स्वास्थ्य संस्था,सरकारी निकाय, स्वतन्त्र निकाय (पत्रकार) , वाश शाखा, नगरपालिका, खानेपानी तथा सरसफाइ विज्ञ र खानेपानी उपभोक्ता महासंघ स्थानीय प्रतिनिधिको टोलीबाट **स्वच्छ खानेपानीयुक्त समुदाय भनी** प्रमाणीकरण भएको हुनु पर्ने देखिन्छ । यो निकाय, खुला दिसा मुक्त क्षेत्रको अनुगमन तथा प्रमाणिकरण गर्ने टोली वा त्यसमा खानेपानी सम्बन्धी विज्ञता भएका सदस्य सहितको टोली हुन सक्दछ । स्वच्छ खानेपानीयुक्त समुदायको स्थीति कम्तीमा पनि १ वर्ष कायम रहेको प्रमाणीकरण वाहय तहबाट हुनु पर्दछ । यस्तो प्रमाणिकरण कार्यको लागि टोलीको संरचना, आधारहरु र कार्यविधि आदी बारे राष्ट्रिय स्तरको अनुगमन तथा प्रमाणिकरण कार्यविधि वा कार्यक्रम-प्रमाणिकरणमा समाविस्ट गर्न सकिने छ ।

#### ग.बाह्य विज्ञ तहबाटसामाजिक लेखा-परिक्षण(सोसल अडिट):

**स्वच्छ खानेपानीयुक्त समुदायको लेखा-परिक्षण( अडिट) गरिनु पर्छ, अर्को शब्दमा खानेपानी** सुरक्षा योजना प्रभावकारी भएका छन् भनी प्रमाणीकरण गरिनु पर्छ । यस अर्न्तगत बाह्य समुदाय तथा व्यक्तिबाट खानेपानी योजनाको मुहान,



Scanned with CamScanner

धारा तथा घर तहको खानेपानीको गुणस्तर परीक्षण गरिने छ । खानेपानीको गुणस्तर परीक्षण महङ्गो र तालिम प्राप्त प्राविधिकहरुबाट मात्र सम्भव हुने भएकाले निम्न उपायहरु अवलम्बन गर्न सुझाव दिइएको छ :

- नमुना छनौट गरि केहीघरधुरीको मात्र गर्न सकिन्छ,
- सरकारी निकायहरुमा खानेपानीको दीर्घकालीन सर्भिलेन्स( निगरानी) प्रणालीको स्थापना, उपकरणको व्यवस्था तथा क्षमता विकास कार्यक्रमलाई बल पुऱ्याउने ,
- गुणस्तर परीक्षणका नतीजाहरु बारे समुदायलाई जानकारी बाँड्ने कार्यलाई, दिगो रुपमा बानीब्यवहारको परिवर्तन गर्न ट्रिगरिगं औजाारका रुपमा विकास गर्न सकिन्छ,
- यस प्रकारका परीक्षणहरु बर्षमा एक पटक वा विशेष अवस्थामा गर्न सकिन्छ ।

## ७.२. असर- सर्वेक्षण:

### क. असर- सर्वेक्षणमा स्वच्छ खानेपानी सेवा

असर- सर्वेक्षण मा कार्यक्रम अन्तर्गत नयाँ निर्माण भएका वा पुनर्निर्माण गरिएका सवै खानेपानी प्रणालीका संरचनाहरुको अनिवार्य रुपमा परीक्षण गरिनु पर्छ । स्वच्छ खानेपानीयुक्त समुदायका खानेपानीको नमुना पनि संकलन गरी परीक्षण गर्नु पर्ने छ । असर- सर्वेक्षणमा खानेपानीको नमुना संकलन गरी निम्न अनुसारको पारामितिको मात्र परीक्षण गरिनु पर्ने हुन्छ ।

- इ. कोली,
- आर्सेनिक ( जोखिम भएका क्षेत्रमा )
- फ्लोराइड ( जोखिम भएका क्षेत्रमा )
- नाईट्रेट
- फलाम
- धमिलोपना,
- विद्युतीय संवाहकता वा कुल घुलित ठोस पदार्थ

त्यस्तै, खानेपानी आयोजनाको हस्तान्तरण हुनु भन्दा पहिले खानेपानी गुणस्तरका राष्ट्रिय मापदण्ड अनुसारका अन्य पारामितिहरुको परिक्षण गरिएको हुनु पर्नेछ भने नतिजा सर्वेक्षणका अवसरमा यी थप पारामितिहरुको प्रमाणीकरण उपलब्ध भएका दस्तावेजहरुको समीक्षाद्वारा गरिने छ ।

पाईप प्रणालीको हकमा भने पानी वितरण विन्दुमा क्लोरीन अवशेषको सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डले निर्धारण गरेको दायरा भित्र (रेन्जमा) हुनु पर्ने छ ।

### ख. असर-सर्वेक्षणमा स्वच्छ खानेपानीयुक्त समुदाय

असर-सर्वेक्षणमा स्वच्छ खानेपानीयुक्त समुदाय हुनका लागि चाहिने न्यूनतम आधारहरुको परीक्षण गरिनेछ :

- खुला दिसा मुक्त क्षेत्र तथा स्वच्छ खानेपानीयुक्त समुदायको नमुना छनौट
- छनौट भएका समुदायबाट नमुनाघरधुरीहरुको छनौट,
- अझै थप रुपमा, खानेपानीको परीक्षण गर्न:
    - २० प्रतिशत घरधुरीहरुको छनौट,
    - छनौट भएका घरधुरीहरुले इंगित गरेका खानेपानी सेवाको परीक्षण,

अनुसुचीहरु:

अनुसूची १:खानेपानी योजनाको दिगोपना तथा नियमित संचालनको लागि पाटना नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, र ....................खानेपानी उपभोक्ता समिति बीच भएको

## त्रि पक्षीय समझौता-पत्र

# (SUSTAINABILITY COMPACT)

**पाटननगरपालिका** कार्यालयसँगको समन्वयमा ....................................................को सहयोगमा संचालित खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम अन्तर्गत **पाटन** नगरपालिका **वडा नं.** ..........................खानेपानी योजनामा ...... **घरधुरीहरु**मा एक घर एक धारा निर्माण कार्य /आधारभुत स्तरको खानेपानी सम्पन्न भई योजनाको स्वामित्व ग्रहण, व्यवस्थापन र सञ्चालनको सम्पूर्ण जिम्मेवारी **पाटन** नगरपालिका... नं. वडा कार्यालय मार्फत .............................. खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा रहने गरी हस्तान्तरण भईसकेकोले तपशिलमा उल्लेखित जिम्मेवारीहरु बहन गर्न सम्बन्धित सरोकारवालाहरु प्रतिवद्ध रहेकोले **पाटन** नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र ...................... खानेपानी तथा सरसफाई उपभोक्ता समिति बीच दुई पक्षीय सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

यसले सहमति जनाएका पक्षहरुको भूमिका र जिम्मेवारीहरु साथसाथै ठोस गतिविधिहरुलाई परिभाषित गर्दछ । जसले कार्यक्रमबाट प्राप्त सेवा सुविधाहरुलाई चलायमान राख्न र व्यवहार परिवर्तनलाई दिगो बनाइराख्न सुनिश्चित गर्दछ ।

**क) स्थानीय उपभोक्ताहरुको जिम्मेवारी:**

- आ-आफ्नो घरको धाराको खानेपानी मिटर, धाराको टुटी, फिटिङस् सामग्रीहरु लगायत अन्य सामग्रीहरुको आवश्यकता अनुसार मर्मत सम्भार तथा नयाँ फेरबदल गर्ने ।
- घरधुरीबाट निस्कने कुहिने, नकुहिने फोहरमैला र धाराबाट निस्कने फोहर पानीको उचित व्यवस्थापन गरी धारा लगायत घर वरिपरि नियमित सरसफाई गर्ने । साथै, धाराबाट निस्कने फोहर पानीलाई करेसावारीमा प्रयोग गर्ने ।
- दिसा पिसाव शौचालयमा मात्र गर्ने, गराउने ।
- खानेपानी योजनाबाट एक घर एक धारा जडान गर्दा प्रत्येक घरधुरीले रु १०००। (अक्षरेपी एक हजार) का दरले उपभोक्ता समितिलाई भुक्तानी गर्ने ।
- खानेपानी योजना मर्मतसम्भार कोषमा प्रत्येक घरधुरीबाट बार्षिक न्यूनतम रु.३००।- (अक्षरुपी तिन सय) र निर्धारित खानेपानीको मासिक महसुल न्यूनतम मासीक रु.५० वा न्यूनतम ५ यूनीट सम्मको रु.४०। ( अक्षरुपी चालिस) र थप यूनीटको न्यूनतम रु १५। (अक्षरुपीपन्ध्र) का दरले तोकिएको समयमा नै उपभोक्ता समितिको कार्यालयमा भुक्तानी गर्ने ।
- खानेपानी योजनाको मर्मत सम्भार तथा नयाँ संरचनाहरु निर्माण गर्नु पर्ने अवस्थामा समुदायको तर्फबाट गर्नुपर्ने श्रमदान उपलब्ध गराउने ।



Scanned with CamScanner

**ख) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको जिम्मेवारी:**

- खानेपानी योजनाको मुहान देखि घरधुरीको धारासम्मको पाइपलाइन तथा संरचनाहरु मर्मतसम्भार, नयाँ निर्माण तथा फेरवदल, फिटिङस् सामग्रीहरु लगायत प्लम्बिङ्ग औजारहरु, पानीको गुणस्तर जाँच गर्ने आवश्यक सामग्री, रसायनिक पदार्थ तथा उपकरणहरुमा न्यूनतम रु. २५,०००।- (अक्षरेपी पच्चिस हजार) सम्मको बार्षिक लागत खर्च व्यहोर्ने ।
- पानीको गुणस्तर जाँच गर्ने आवश्यक सामग्री, रसायनिक पदार्थ तथा उपकरणबाट प्रत्येक महिना वा प्रत्येक ३ महिनामा आवश्यक जाँच गर्नुपर्ने परामितिहरु अनुसार मुहान देखि घरधुरीसम्मको पानीको गुणस्तर जाँच गरी राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको सुनिश्चित गरी सोको रेकर्ड राखी समुदायमा सार्वजनिक गर्नुको साथै खानेपानी परीक्षणका नतिजाहरूको सारांश सहितको प्रतिवेदन ६/६ महिनामा वडा कार्यालय/नगरपालिका कार्यालयमा पेश गर्नेछ ।
- प्रत्येक ६/६ महिनामा खानेपानी सुरक्षा योजनाको अध्यावधिक गर्ने, गराउने साथै सोको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुको साथै खानेपानी सुरक्षा योजनालाई कार्यान्वयन गर्ने, गराउने ।
- उपभोक्ताहरुबाट उठेको पानीको मासिक महसुल, जम्मा भएको मर्मतसम्भार कोषको रकम र अन्य हिसाव किताव चुस्त दुरुस्त राख्ने ।
- ग्रामीण मर्मतसम्भार कार्यकर्ता (VMW)को नियूक्ति अनिवार्य रुपमा गरी निजलाई तोकिएको सेवा, सुविधा नियमित रुपमा समयमा नै प्रदान गर्दै उपभोक्ताहरुको प्रत्येक धारामा नियमित पानी आउने गरी खानेपानी योजना पूर्ण रुपमा चलायमान भएको सुनिश्चित गर्ने ।
- उपभोक्ता समितिको बैठकहरु नियमित वस्ने, आवश्यकता अनुसार उपभोक्ताहरुको भेलाको आयोजना गर्ने र प्रत्येक आर्थिक बर्ष शुरु भएको ३ महिना भित्र सम्पूर्ण उपभोक्ताहरुको भेला गरी कार्य प्रगती र आम्दानी-खर्च सार्वजनिक गरी नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरीक्षकबाट योजनाको लेखापरीक्षण गरी सम्बन्धित नियामक निकायमा पेश गर्ने ।
- घरधुरी तथा समुदायले गरिरहेको सरसफाई तथा स्वच्छता प्रवर्द्धनको अनुगमन गरी दैनिक नियमित रुपमा भइरहेको सुनिश्चित गर्ने ।
- आवश्यकता अनुसार सम्बन्धित वडा कार्यालय, नगरपालिकासँग समन्वय गर्ने ।
- नगरपालिका कार्यालय र सम्बन्धित वडा कार्यालयले दिएको सल्लाह, सुझाव र निर्देशनहरुलाई कार्यान्वयन गर्ने, गराउने ।
- नेपाल सरकार/नगरपालिका कार्यालयले खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी तय गरेको कानुन तथा नीतिनियमहरुलाई आफ्नो खानेपानी योजनामा कार्यान्वयन गर्ने, गराउने ।

**ग) वडा कार्यालयको जिम्मेवारी:**

- योजनाको नियमित रुपमा स्थलगत अनुगमन गरी आवश्यकता अनुसार उपभोक्ता समितिलाई सुझाव, सल्लाह र निर्देशन दिने ।
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको नियमित बैठक र बार्षिक रुपमा आम उपभोक्ताहरुको भेला संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको लेखा व्यवस्थापन तथा पारदर्शिता कायम गर्न आवश्यक सहजीकरण गर्ने ।
- खानेपानी योजनाको मुहान देखि घरधुरीको धारासम्मको पाइपलाइन तथा संरचनाहरु मर्मतसम्भार तथा नयाँ निर्माण आदीमा रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार) भन्दा माथि लागत लाग्ने भएमा बजेटको व्यवस्थापनका लागि आवश्यक सहयोगका लागि नगरपालिका वा अन्य निकायहरुमा समन्वय तथा सिफारिस गर्ने ।



Scanned with CamScanner

- कुनै विपत् आईपरी योजनाको पाईपलाईन तथा संरचनाहरुको पूर्ण क्षति भएमा अथवा योजना दिगो रुपमा संचालन गर्न, गराउनको लागि नगरपालिका वा अन्य निकायहरुमा समन्वय तथा सिफारिस गर्ने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि नगरपालिका तथा अन्य निकायहरुसँग समन्वय तथा सिफारिस गर्ने ।

**घ) नगरपालिका/वडा कार्यालयको जिम्मेवारी:**

- योजनाको नियमित रुपमा स्थलगत अनुगमन गरी आवश्यकता अनुसार उपभोक्ता समितिलाई सुझाव, सल्लाह र निर्देशन दिने ।
- खानेपानी योजनाको चौमासिक रुपमा खानेपानीको परिक्षण गरी नतिजा बारे उपभोक्ताहरुलाई जानकारी गराउने र गुणस्तर सुधारका लागि सहयोग तथा सहजीकरण गर्ने ।
- खानेपानी योजनाको मुहान देखि घरधुरीको धारासम्मको पाइपलाइन तथा संरचनाहरु मर्मतसम्भार, सुधार विस्तार र नयाँ निर्माण आदीमा रु.५०,०००।- (अक्षरेपी पचास हजार) भन्दा माथि बार्षिक लागत लाग्ने भएमा बजेटको व्यवस्थापन गरी सुधार गर्न सहयोग गर्ने ।
- कुनै विपत् आईपरी योजनाको पाईपलाईन तथा संरचनाहरुको पूर्ण क्षति भएमा अथवा योजना दिगो रुपमा संचालन गर्न, गराउनको लागि नगरपालिकाबाट वा अन्य सरकारी तथा विकास साझेदार निकायहरुसँग समन्वय गरि बजेटको ब्यवस्था गर्ने र सोको मर्मत सुधार तथा निर्माण कार्यमा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।
- नेपाल सरकार/नगरपालिका कार्यालयले खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी तय गरेको कानुन तथा नीतिनियमहरुको बारेमा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई जानकारी प्रदान गर्ने ।

| | |
|---|---|
| **क)..................खानेपानीतथा सरसफाई उपभोक्ता समितिको तर्फबाट** | **ग) पाटननगरपालिकाको तर्फबाट** |
| दस्तखत:<br>नाम:<br>पद: अध्यक्ष<br>मिति: | दस्तखत:<br>नाम:<br>पद: नगर प्रमुख<br>मिति: |
| **ख) पाटन नगरपालिका वडा नं. ...का वडा अध्यक्षको तर्फबाट** | **साक्षी (२): साझेदार संस्थाको तर्फबाट** |
| दस्तखत:<br>नाम:<br>पद: वडा अध्यक्ष<br>मिति: | दस्तखत:<br>नाम:<br>पद:<br>मिति: |



Scanned with CamScanner


अनुसूची २ : खानेपानी तथा सरसफाई उपभोक्ता समितिको प्रतिवेदनको नमुना

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

## पानी परिक्षण नतिजा प्रतिबेदन

..................खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

पाटनन.पा. . ..................बैतडी



### सम्पुर्ण नमुनाको परिक्षण नतिजा

| तयार गर्ने | सिफारिस गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| पद: उ.स.अध्यक्ष | पद: वडा अध्यक्ष | पद: |
| मिति: | मिति: | मिति: |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |





Scanned with CamScanner

..................खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

पाटनन.पा. ........बैतडी

| | |
|---|---|
| परिक्षण मितिः | |
| पानीको नमुना संकलन स्थानः | १: -मुहानः |
| | २ -ट्याङ्कीः |
| | ३ -२०% धारा समाबेश हुने गरी ...धारा |
| पानी शुद्धिकरण बिधिः | |
| क्लोरिन अवषेश मात्रा | |

संकेत

| E-oli 100 ml of water (CFU) | WHO Risk Level |
|---|---|
| >100 (>100) | Very High (अति उच्च खालको सक्रंमण) |
| 11-100 (११-१००) | High (उच्च खालको सक्रंमण) |
| 1-10 (१-१०) | Medium (मध्यम खालको सक्रंमण) |
| <1 (<१) | Low (न्यून सक्रंमण) |

पानीको नमुना परीक्षण नतिजा

| क्र.स. | पानीको नमुना संकलन स्थान | परिक्षणको पारामिति | ईकाइ | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड | पानीको नमुनाको नतिजा | परिक्षणको लागि प्रयोग गरएको साधन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मुहान | E-Coli | CFU/100ml | <१ | | | |
| २ | ट्याङ्की | E-Coli | | <१ | | | |
| ३ | धारा १ | E-Coli | | <१ | | | |
| ४ | धारा ३ | E-Coli | | <१ | | | |
| ५ | धारा ४ | E-Coli | | <१ | | | |
| ६ | धारा ५ | E-Coli | | <१ | | | |
| ७ | धारा ६ | E-Coli | | <१ | | | |

.................... परीक्षण गर्ने

...................... जाँच गर्ने

.............................. प्रमाणित गर्ने



Scanned with CamScanner

अनुसुची :३(क)

वडा कार्यालयबाट नगरपालिकालाई पठाउने पत्रको नमुना :

# पाटन नगरपालिका

## .......वडा नं को कार्यालय

............बैतडी

मिति :

श्री पाटन नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

पाटनबैतडी

बिषय : तेस्रो पक्ष अनुगमन गराइ सहमती उपलब्ध गराइ दिनहुन ।

उपरात्त विषय सम्बन्धमा यस वडा न .......को वडा न.........मा रहेको .............खानेपानी योजना पाटन नगरपालिका र ...........सहगोगमा निर्मण भई सुरक्षित खानेपानी यूक्त समुदाय घोषणका सबै सूचकहरु पुरा गरि वडास्तारबाट सबै चरण पुरा गरि सम्पन्न भएकोले नगरपालिका स्तरीय अनुगमन टोलीबाट................. योजनाको अनुगमन गरी सुरक्षित खानेपानीयूक्त समुदाय घोषणका लागि आवश्यक सहयोग गरि दिनुहुनु यो निवेदन पेश गरिन्छ ।

................

वडा अध्यक्ष

...............................

अनुसुची :३ (ख)



Scanned with CamScanner

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल
२०७१

पालिका स्तरीय अनुगमन टोली तपशिल बमोजिम हुनेछ ।

- पालिकाउप प्रमुख तथा कार्यपालिका सदस्य एक जना
- खानेपानी तथा सरसफाई क्षेत्रका प्राविधिक एक जना
- खानेपानी गुणस्तर परिक्षणका लागि पालिका वा खानेपानी तथा सरसफाई कार्यालय वा प्रयोगशालाका प्राविधिक १ जना
- पालिकाका स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारी १ जना
- खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधि एक जना

क.खानेपानी योजनाको पानी परिक्षण गरेको निर्णय संगै तपशिलको पानीको गुणस्तर परिक्षण प्रतिवेदन समेत निर्णय रजिष्टमा राख्ने ।

**फिल्ड परीक्षण किटबाट खानेपानी गुणस्तर परीक्षण गरी अभिलेख राख्ने फारामको नमूना :**

..................खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

पाटन न.पा. ........बैतडी

| | |
|---|---|
| परिक्षण मिति: | |
| पानीको नमुना संकलन स्थान: | १: -मुहान: |
| | २ -ट्याङ्की: |
| | ३ -२०% धारा समावेश हुने गरी ...धारा |
| पानी शुद्धिकरण बिधि: | |
| क्लोरिन अवषेश मात्रा | |

संकेत

| E-oli 100 ml of water (CFU) | WHO Risk Level |
|---|---|
| >100 (>100) | Very High (अति उच्च खालको सक्रंमण) |
| 11-100 (११-१००) | High (उच्च खालको सक्रंमण) |
| 1-10 (१-१०) | Medium (मध्यम खालको सक्रंमण) |
| <1 (<१) | Low (न्यून सक्रंमण) |

खानेपानी प्रणालीको नाम : ...............................................

जिल्ला : ..............................न.पा. : .........................वडा नं. : ................टोल : ........................

| | | | परीक्षण गरिएका पारामितिहरु | कैफियत |
|---|---|---|---|---|



Scanned with CamScanner

| सि.नं. | मिति | नमुना लिएको स्थान | धमिलोपना | pH | क्लोरिन अवशेष: | ई.कोली | ५(१०) NTU६.५-८.५*०.१-०.२* मि.ग्रा./लिटर ० CFU/१००ml |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

माथि उल्लेखित खानेपानी योजनामा ई.कोलीको मात्रा ..........भएकोले यो खानेपानी प्रणली खानका लागि गुणस्तरीय भएको प्रमाणित गरिन्छ।

| | | |
|---|---|---|
| ..................... | ....................... | ............................... |
| परीक्षण गर्ने | जाँच गर्ने | प्रमाणित गर्ने |

## अनुसूची ४ : स्वतन्त्र अनुगमन टोलीको प्रतिवेदनको नमुना तथा निर्णय

### क.सुरक्षित खानेपानी यूक्त समुदाय घोषण गर्नका लागि अवश्यक पर्ने तथ्याकंहरु

| सि.नं. | आवश्यक तथ्यांक तथा अनुगमन गर्ने क्रममा देखिएका प्रमुख पक्षहरु |
|---|---|
| १ | खानेपानी योजनाको नाम : |
| २ | ठेगना : |
| ३ | कुल लागत रु: |
| क | नगरपालिका/वडा कार्यालयको लागत : |
| ख | यूनिसेफ/ रुडेस बैतडीको लागत : |
| ग | जनश्रमदान : |
| ४ | लाभान्वित घर धुरी : दलित: जनजाति: ब्राह्मण/क्षेत्री: |
| ५ | जम्मा धारा संख्या : सार्बजनिक निजि: संस्थागत: |

### ख.सुरक्षित खानेपानीयुक्त समुदाय घोषणका लागि पुरा गर्नुपर्ने सूचकहरुको तथा समग्र योजना कार्यान्वयनको अवस्था विश्लेषण



Scanned with CamScanner

| सि.न | सूचकहरु | अवस्था -पुरा भएको छ /छैन) | | कैफियत |
|---|---|---|---|---|
| | | छ /भएको | छैन/नभएको | |
| १ | खानेपानी योजनाको मुहानको अवस्था ( संरक्षित/सुरक्षित/उत्थानशिल) | | | |
| २ | इन्टेकको अवस्था (संरक्षित/सुरक्षित/उत्थानशिल ) | | | |
| ३ | पाइपलाइनको अवस्था (संरक्षित/सुरक्षित/उत्थानशिल ) | | | |
| ४ | RVT कोअवस्था(संरक्षित/सुरक्षित/उत्थानशिल ) | | | |
| ५ | Junction / Distribution Chamber को अवस्था (संरक्षित/सुरक्षित/उत्थानशिल ) | | | |
| ६ | गुणस्तरीय तथा सुरक्षित धारा निर्माणको अवस्था - गुणस्तरीय/सुरक्षित/उत्थानशिल ) | | | |
| ७ | खानेपानी सुरक्षा योजनाको सात वटै चरण पुरा भएको/नभएको | | | |
| ८ | खानेपानी योजनामा कोष स्थापनाको अवस्था | | | |
| क | कोषमा जम्मा रकम रु | | | |
| ९ | मर्मत संम्भार कार्यकर्ता को व्यवस्था(भएको/नभएको) | | | |
| १० | खानेपानी योजनाको बैकं खाताको अवस्था ( भएको/नभएको) | | | |
| ११ | पानी परिक्षण गर्दा **Intake, RVT & Tap को पानी**सुरक्षित भएको (भए नभएका) पानी गुणस्तर जाँचको प्रतिवेदनका आधारमा) | | | |
| १२ | एक घर एक धाराको अवधारणाको अवस्थाका साथै बाल मैत्री आपाङ्ग मैत्री(भएको/नभएको) | | | |
| १३ | समग्रमा खानेपानी योजना निर्मण गुणस्तरीय र पारदर्शीताको अवस्था (राम्रो/नराम्रो/सुधार गर्नुपर्ने) | | | |
| १४ | पूर्ण सरसफाइका सूचकहरु कार्यान्वयनको अवस्था -भांडा सुकाउने स्थान निर्माण, फोहर व्यवस्थापनका लागि खाडल | | | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| निर्माण, समुदायको सरसफाइको अवस्था, घरायसी सरसफाई को अवस्था, सौचालयको प्रयोग तथा सरसफाइको अवस्था) लगायतका कार्यहरु कार्यान्वयनको अवस्था ) | | | |

## ग. "सुरक्षित खानेपानीयुक्त समुदाय" को मान्यता प्राप्त गर्नका लागि न्यूनतम् आधारहरू/शर्तहरू

यस निर्देशिकाले सुरक्षित खानेपानीयुक्त समुदाय हुनका लागि न्यूनतम् आधारहरु तल उल्लेख गरिएको छ । थप अतिरिक्त आधारहरु स्थानीय खानेपानी प्रणाली र तिनका व्यबस्थापन मोडेलहरुमा आधारित भई स्थानीय प्रोटोकल वा स्थानीय योजनाहरुद्वारा परिभाषित गर्न सकिन्छ ।

| क्र.सं. | सुरक्षित खानेपानीयुक्त समुदाय हुनका लागि न्यूनतम आधारहरु | पुरा भएको | पुरा नभएको |
|---|---|---|---|
| १ | समुदाय अनिवार्य रुपमा खुला दिसामुक्त कायमै भएको हुनु पर्ने । (शत प्रतिशत शौचालयको समुचित प्रयोग र हरेक घरमा साबुन पानी सहितको हात धुने ठाउं भईरहेको अवस्था) | | |
| २ | समावेशी, सक्रिय र उत्तरदायी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/सेवा प्रदायक द्वारा सञ्चालन सम्भार कोषको उचित व्यवस्थापन गरी तालीम प्राप्त (दक्ष) प्राविधिक मार्फत् सञ्चालन तथा सम्भार मर्मत गरिएको खानेपानी प्रणाली । | | |
| ३ | खानेपानी सुरक्षा योजना (WSP)का सातै चरणहरु पूरा गरी कम्तीमा एक पटक खानेपानी गुणस्तर निगरानी (Water Quality Surveillance)द्वारा खानेपानी सुरक्षा योजना र पानीको गुणस्तर प्रमाणीकरण गरिएको । | | |
| ४ | व्यवस्थित खानेपानीका प्रणाली (पाइप प्रणाली) भएका वस्तीमा घर आँगनमै जोडिएका धाराबाट; नभएका समुदायमा सबै घरधुरीहरुले सुधारिएको पानीको श्रोतबाट (पानी भरेर ल्याउन ३० मिनेटभन्दा बढी समय नलाग्ने स्थानबाट) खानेपानी प्रयोग गरिरहेका । | | |
| ५ | सबै घरधुरीले पाइप प्रणालीका घरमै जोडिएका धारा बाट उपलब्ध पानीको सुरक्षित भण्डारण र प्रयोग गर्ने गरेको; अन्य श्रोतको खानेपानी पनि घरायसी रुपमा नियमित शुद्धीकरण गरी प्रयोग गर्ने गरेको । | | |
| ६ | व्यवस्थित खानेपानीका प्रणाली भएका समुदायमा भने खानेपानीको गुणस्तर अनुगमन अन्तर्गत पर्ने संचालन-अनुगमन नियमित हुने गरेको र वर्षमा कम्तीमा पनि एक पटक वाह्य निकायद्वारा परिपालन-अनुगमन गर्ने गरिएको । | | |
| ७ | समुदायका सबै घरधुरीहरु द्वारा खानेपानीको सुरक्षित भण्डारण गर्ने | | |



पाटन नगरपालिका
नगर कार्यपालिकाको
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश
२०७१

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | गरिएको । खानेपानीको स्रोतको रूपमा प्रयोग गरिएका मूल, टंकी र धाराको पानी कम्तीमा पनि वर्षमा ३ पटक (मनसून अघि, मनसून अवधि र मनसून पछि) जैविक प्रदूषण छ कि छैन भनी परीक्षण गर्ने गरिएको, आवश्यक्ता अनुसारको क्लोरीनको प्रयोग अनिवार्य गरिएको र क्लोरीन अवशेष समेत राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुरूप भएको । | | |
| ८ | उपभोक्ताहरुको सुरक्षित खानेपानी प्रतिको विश्वसनियता कायम भएको, ८० प्रतिशत घरपरिवारले धाराको पानी सिधै पिउनको लागि प्रयोग गरेको (घरायसी तहमा पानी प्रशोधन गर्न नपरेको अवस्था) । | | |
| ९ | खानेपानी प्रणालीको दिगोपनँका लागि सम्बन्धित सेवा प्रदायक र स्थानीय तह (गाउँपालिका/नगरपालिका) वा प्रदेश सरकार बीच समझदारी-पत्र वा सम्झौता भएको । | | |

**अनुगमनकर्ताको नाम तथा हस्ताक्षर**

| क्र.स | नाम | कार्यालय | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१



Scanned with CamScanner